<u>मिति २०८१/०१/१६ को कार्यपालिका बैठकका निर्णयहरु</u>

१. श्री बौद्ध आधारभूत विद्यालयको सञ्चालन व्यवस्थापन सम्बन्धमा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, अभिभावक, शिक्षक एवं गाउँपालिकाका सल्लाहकार ज्युहरु सँग छलफल तथा राय सुझाव माग गर्ने ।

२. विषयगत समितिबाट पेश गरिएका समिक्षा प्रतिवेदनका लागि सम्बन्धित समितिका पदाधिकारिलाई धन्यवाद ज्ञापन गर्ने। आगामि दिनमा विषय समितिको कार्य प्रभावकारिता अभिवृदिका लागि क्षमता अभिवृदि तालिमहरुको व्यवस्था मिलाउने ।

३. शैक्षिक सत्र २०८० को परीक्षा सञ्चालन पद्धति एव नतिजाका सम्बन्धमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापकहरु एवं शिक्षा समितिका पदाधिकारी वीच समिक्षा बैठक आयोजना गर्ने ।

४. गोरक्सेप हाइअल्टिच्यूट क्लिनिकमा देहाय बमोजिम शुल्क संकलन गर्ने उक्त संस्थामा कार्यरत चिकित्सक एवं स्वास्थ्य कर्मीलाई तपसिल वमोजिम को सुविधा प्रदान गर्ने अध्यक्ष स्तरीय निर्णयलाई अनुमोदन गर्ने ।

<u>देहाय</u>

Service Charge for all Foregin And Nepali

| S.N. | Foregin patient | sevice Charger foregin | Nepali | Remarks |
|---|---|---|---|---|
| 1 | OPD | 50 US Dollar | free | |
| 2 | Admission Charge | 50 US Dollar | free | |
| 3 | Bed Charge | 50 US Dollar / Night | free | |
| 4 | Emergency charge | 50 Dollar | free | |
| 5 | Suture / dressing | 50 US Dollar | free | |
| 6 | ECG | 20 US Dollar | free | |
| 7 | Medicine only | MRP | free | |
| 8 | Oxygen | 40 US Dollar /hour | free | |
| 9 | Home Vist day | 100 Us Dollar | free | |
| 10 | Home Vist Night | 125 Us Dollar | free | |

तपसिल

| क्र.स | कर्मचारीको विवरण | तलब स्केल | स्थानिय भत्ता | पोसाक भत्ता/चाड पर्व खर्च | प्रोत्साहन भत्ता | अन्य आवश्यक सुविधा |
|---|---|---|---|---|---|---|
| १ | डा. सुनिल वानिया | ४८७३७ | ११८१० | नेपाल सरकारले तोकेबमोजिम हुने | ६९४५६ | खाना तथा बस्न |
| २ | प्रकाश वि.क | ३४७३० | | नेपाल सरकारले तोकेबमोजिम हुने | | खाना तथा बस्न |

५. खाना र खाजाको सुविधा गोरक्सेप क्लिनिकमा कार्यरत रहेको अवस्थामा मात्र प्रदान गर्ने। खाना र खाजाको भुक्तानी सम्बन्धित सेवा प्रदायक (होटल) लाई भुक्तानी दिने ।

६. यस गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत शिक्षा सेवा, सहायकस्तर पाचौ तहमा कार्यरत श्री रतना बोहरालाई निजको माग बमोजिम सरुवा सहमति प्रदान गर्ने ।

७. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश बाट मिति २०८०/११/१५ को पत्रमा माग भए अनुसार खुम्बु पासाङल्हामु गाउँपालिकाले सङगठन संरचना तथा दरबन्दी सभावाट स्वीकृत भई सकेको हुँदा स्थायी पद दर्ताका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश विराटनगर पठाउने ।

८. खुम्बु पासाङल्हामु गाउँपालिकाको स्वीकृत पद तथा दरबन्दी अनुसारका, स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ५७ मा भएको व्यवस्था कार्यान्वयन नहुन्जेल सम्म सोही ऐनमा भएको व्यवस्था अनुसार कर्मचारीहरुले प्राप्त गर्ने सेवा सुविधा यस कार्यालयवाट नै भुक्तानी गर्ने प्रतिबद्धता गर्ने ।

९. खम्बु पासाङल्हामु गाउँपालिकामा कार्यरत कर्मचारीहरुको बढुवा, तह वृद्धि तथा तह मिलानका लागि लोकसेवा आयोग, कोशी प्रदेशवाट ग्राम परामर्शलाई समावेश गरी तयार गरिएको कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने ।

निर्णय नं. १०

वोण्डर्स एभरेस्ट केवल कार प्रा.लि लाई सार्वजानिक निजि साझेदारी मोडलमा यस गाउपालिकाको चौरीखर्क देखि चेदिङ्गमा सम्म केवलकार निर्माण तथा संचालनका लागि यस पालिकाबाट मिति २०७९/११/२१ मा आवश्यक अध्ययन सहमति प्रदान गरिएकोमा उक्त प्रा.लि ले मिति २०८०/१२/२३ को निवेदन मार्फत वातावरणीय अध्ययन अनुमति माग गरेकोमा अनुमति शुल्क बापत रु पचास हजार कायम गर्ने र उक्त प्रा.लि लाइ केवल कार निर्माण तथा रिसोट संचालनको वातावरणीय अध्ययनका लागि अनुमति प्रदान गर्ने ।

निर्णय नं. ११

वडा नं. १ को जौवारी देखि पैयाडाडा सम्मको पदमार्ग स्तरउन्नतीको कार्यकालागि चौधौ गाउँसभाबाट बजेट विनियोजन गरिएकोमा SUTRA ENTRY छुट भएकोले उक्त आयोजना आयोजना व्यवस्थापन खर्चबाट भुक्तानी गर्ने गरी संचालन गर्ने ।

निर्णय नं १२

विद्यमान विधायक समितिलाई सहयोग र समन्वय गर्न एंव यस गाउँपालिकाको कार्य सम्पादनलाई थप व्यवस्थित एंव मर्यादित बनाउन आवश्यक पर्ने कानूनहरुको अध्ययन गरी सन्चालन गर्ने प्रयोजनका लागि देहायका पदाधिकारीको अध्ययन एंव सम्पादन समिति गठन गर्ने ।

अध्यक्ष श्री मिङमा छिरी शेर्पा - संयोजक

प्र.प्र.अ श्री जगत प्रसाद भुसाल - सदस्य

कार्यपालिका सदस्य श्री ल्हाक्पा ग्याल्जेन शेर्पा - सदस्य

प्रशासकीय अधिकृत श्री सुजन कुमार बुढाथोकी - सदस्य

लेखा अधिकृत श्री चेतनाथ कट्टेल - सदस्य

उल्लेखित समितिले आफ्नो बैठकमा बढीमा २ जना सहयोगी कर्मचारीहरुलाई आमन्त्रित गर्न सक्ने छ ।